नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२००३०४

पत्र सं.:- २०७९/०८०

चलानी नं.:- ८१०

मितिः- २०७९/०७/३०

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ३५ मिति २०७९/०७/०४ को परिपत्र गरिदिने सम्बन्धी पत्र यसैसाथ संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही बमोजिम गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

.....................

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**सिंहदरबार, काठमाण्डौ**

**(बाल संरक्षण तथा विकास शाखा)**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९५४८
दर्ता मिति:- ७।१४

फोन नं : ४२००१६८
फ्याक्स : ०१-४२००११६

प.सः ०७९/८०
च.नं: बा.सं./ ३५

२०७९।०७।०४

विषयः परिपत्र गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(संघीय मामिला महाशाखा)
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्मान गर्न बनेको बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (६०) मा प्रत्येक प्रदेशमा प्रदेशको बालबालिका हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति र प्रत्येक स्थानीय तहमा सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति रहने व्यवस्थाका साथै सबै स्थानीय तहहरुमा दफा (६१) को उपदफा (१) मा बालकल्याण अधिकारी रहने व्यवस्था र दफा (६२) मा समाजसेवी तथा बालमनोविज्ञ रहने व्यवस्था गरेको छ । धेरै जसो स्थानीय तहमा स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञको नियुक्ति हुन नसकेकोले कानूनी व्यवस्था कार्यान्वयन गर्न कठिनाई परेको हुँदा बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था अनुसार सबै स्थानीय तहमा स्थानीय बाल अधिकार समिति गठन तथा परिचालन, बाल कल्याण अधिकारीको नियुक्ति र पदस्थापन, बाल कोषको स्थापना र सञ्चालन तथा समाजसेवी र बाल मनोविज्ञको सूचीकरण हुने कानूनी व्यवस्था कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि सबै (७५३वटै) स्थानीय तहलाई परिपत्र गरिदिनु हुन मिति २०७९।०७।०४ को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ ।

(करुणा आचार्य)
शाखा अधिकृत

श्री स्थानीय तह समन्वय शाखा

बोधार्थः
राष्ट्रिय बाल अधिकार परिषद्,
पुल्चोक, ललितपुर ।